विशेष अदालत
काठमाडौं
२०५९

## स्वागत तथा बिदाई कार्यक्रम सम्पन्न

विशेष अदालतबाट अन्य अदालतमा काज सरूवा हुनभएका माननीय न्यायाधीशहरू एवम् कर्मचारी महानुभावहरूको बिदाइ र नवआगन्तुक कर्मचारीहरूको स्वागत कार्यक्रम मिति २०७८।०४।२९ मा सम्पन्न भएको छ। सदस्य माननीय न्यायाधीश श्री अब्दुल अजिज मुसलमानज्यूको अध्यक्षतामा भएको उक्त कार्यक्रमको सञ्चालन शाखा अधिकृत श्री रामेश्वर अधिकारीले गर्नुभएको थियो। कार्यक्रममा अदालत परिवारकातर्फबाट शुभकामना मन्तव्य प्रदान गर्नुहुँदै रजिस्ट्रार श्री अशोक कुमार क्षेत्रीज्यूले बिदाइ भएर जान लाग्नुभएका माननीय न्यायाधीश एवम् कर्मचारीहरूको भूमिकाले विशेष अदालतको संस्थागत जीवनमा महत्वपुर्ण योगदान गरेको उल्लेख गर्नुहुँदै आगामी दिनमासमेत न्यायको सुनिश्चितता गर्ने पुनीत कार्यमा सफलता मिलोस् भन्ने कामना गर्नुभयो। माननीय न्यायाधीशहरु क्रमशः श्री प्रेमराज कार्की, श्री बालेन्द्र रुपाखेती, श्री नित्यानन्द पाण्डेय, श्री शान्तिसिंह थापा र श्री चन्द्रबहादुर सारू, उपरजिस्ट्रार श्री पुष्पराज पाण्डेय, उपसचिव (लेखा) श्री दामोदर जोशी, शाखा अधिकृत श्री रत्ना घिमिरे (ढुंगाना), कार्यालय सहयोगी श्री चन्द्रमान तामाङ लगायतले आ-आफ्ना अनुभूतिसहित मन्तव्य राख्नुभएको थियो। सुशासन र भ्रष्टाचारमुक्त समाज र राष्ट्र निर्माणमा यस अदालतको अहम् भूमिका रहेको तथ्यलाई मनन् गर्दै त्रुटिरहित न्याय सम्पादनमा दत्तचित्त भएर लाग्न सकेमा विशेष अदालतले संस्थागत जीवनको चौतर्फी क्षेत्रमा थप उल्लेख्य प्रगति हासिल गर्न सक्ने र त्यसबाट अन्ततोगत्वा न्यायपालिका प्रति जनआस्था अभिवृद्धि गर्न टेवा पुग्ने उहाँहरूको कथन थियो। कार्यक्रमको अन्त्यमा धन्यवादसहित बिदाइ मन्तव्य राख्नुहुँदै सदस्य माननीय न्यायाधीश श्री अब्दुल अजिज मुसलमानले संस्था र नेतृत्वले आफ्नो आवश्यकता महशुस गरी दिएको जिम्मेवारी प्रतिवद्धता, इमानदारिता र पूर्ण निष्ठाका साथ निर्वहन गर्नुपर्ने धारणा राख्दै बिदाइ भएर जानुहुने सबैलाई मायाको चिनो प्रदान गर्नुभएको थियो। कार्यक्रममा विशेष अदालतमा कार्यरत माननीय न्यायाधीशगण, उपरजिस्ट्रारद्वय एवम् विभिन्न इजलास, शाखा र फाँटमा कार्यरत कर्मचारीहरू उपस्थित हुनुहुन्थ्यो।

मिति : २०७८।०४।३१

विशेष अदालत